# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।१२ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी भिमकान्त भण्डारी रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रतिवादी भिमकान्त भण्डारी सार्वजनिक सेवा रहदाँ निजले आर्जन गरेको वैध आय **रु. २६,६१,६३६।०९** को तुलनामा लगानी तथा खर्च **रु. ६,५०,६५,६४२।५३** देखिँदा निजको आयभन्दा बढी खर्च गरेको रकम **रु. ६,२४,०४,००६।४४** बराबरको सम्पत्तिको स्रोत नखुलेको हुँदा उक्त सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टी भएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूरमा **बिगो रु. ६,२४,०४,००६।४४ (छ करोड चौबीस लाख चार हजार छ रुपैयाँ र पैसा चौवालीस मात्र)** कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुनका एवं निजले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेको सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत हुन,
मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा प्रतिवादीहरुलाई विशेष अदालतबाट मिति २०८०।०७।२१ मा निम्न आधारहरुमा वादी दावी नपुग्ने भनी फैसला गरेको:

प्रतिवादी भिमकान्त भण्डारी सार्वजनिक सेवामा प्रवेश गरेको मिति २०७३/०६/२१ गतेदेखि निजले स्वेच्छिक अवकाश लिएको मिति २०७७/०४/०१ सम्मको अवधिलाई मात्र जाँच अवधि कायम गरी आय व्ययका शीर्षकहरुमा अङ्क गणना गर्नुपर्ने,
बिशेष अदालतको उक्त फैसलाउपर चित्त नबुझी आयोगबाट देहायका आधारहरु लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१/०५/१२ मा पुनरावेदन गरिएको छ ।

**देहायः**

(क) प्रतिवादी भिमकान्त भण्डारीको सेवा प्रवेश मिति २०७३/०६/२१ भएतापनि निजको श्रीमती बिमला पन्थी मिति २०७१।०९।०९ देखि सार्वजनिक सेवामा रहेकोले सोही अवधिको निजको समेत आय व्यय गणना गरिनु पर्ने र प्रतिवादी भिमकान्त भण्डारी २०७७।०४।०१ बाट अवकास गएपछि लगतैको अवधिमा ठुलो लगानी गरेको देखिएको, आयोगबाट प्रतिवादीको जाँच अवधिको सेवा निवृत्त भएको डेढ वर्ष पछिको अवधि कायम गरेको र सो अवधिको आय र व्यय समेतलाई मूल्याङ्कन गरिएको कार्य कानुनसम्मत नदेखिएको,

(ख) **आय व्यय प्रवाह विवरण** अन्तर्गत **आ.व. २०७८/०७९ (२०७८ पौष मसान्तसम्म)** मा प्रतिवादी भिमकान्त भण्डारीले निज स्वेच्छिक अवकाश भएपछि नै निजकै नाममा जिल्ला काठमाडौं, टल्कुडुडे चौर-८ स्थित कि.नं. ७४, क्षेत्रफल ३-०-०-० र कि.नं. १२३, क्षेत्रफल ३-५-०-० भएका जग्गाहरु रु. ३,४९,९६,५००।— जग्गा खरिद गरेको, **२०७३ असोजदेखि आ.व. २०७७/०७८ सम्ममा** निजले Bidh Management Pvt. Ltd. को थप शेयर खरिदमा रु.९०,००,०००।—, Bidh Automobile Pvt. Ltd. को शेयर खरिदमा रु. ४०,००,०००।— र Sewa Remit Pvt. Ltd. को शेयर खरिदमा रु. २,७५,०००।— लगानी गरेको देखिएको। मिति २०७८/०४/२६ मा माडी खनिज सप्लायर्स प्रा.लि. को शेयर खरिदमा रु.६५,००,०००।— र मिति २०७८/०८/२१ मा सोही प्रा.लि. को शेयर खरिदमा रु. ३५,००,०००।— गरी कूल जम्मा रु. १,००,००,०००।— उक्त प्रा.लि.मा लगानी गरेको

देखिएकोमा यस प्रकारका लगानीका विषयमा प्रतिवादीको वैधानिक आयको स्रोतको विश्लेषण नगरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिएको।

(ग) त्यसैगरी, **आ.व. २०७८/०७९ (२०७८ पौष मसान्तसम्म)** मा मिति २०७८/०९/१४ मा B.N. Developers Pvt. Ltd. को शेयर खरिदमा रु.५२,५०,०००।– लगानी गरेको, **२०७३ असोजदेखि आ.व. २०७७/०७८ सम्म**मा प्रतिवादी भिमकान्त भण्डारी, निजको श्रीमती विमला पन्थी र छोरा विभित भण्डारीको नाममा ज्योति लाइफ इन्स्योरेन्स कम्पनी, नेपाल पूर्वाधार विकास बैंक लि. लगायतका १९० कित्ता साधारण र FPO शेयर खरिद गरी जम्मा रु. ११,०००।—शेयर खरिदमा लगानी गरेकोमा यस्तो लगानीका विषयमा तत्कालीन समय बखतकै वैधानिक आयबाट लगानी नभएको विषयमा विशेष अदालतबाट सवूद प्रमाणको गम्भिरतापूर्वक मूल्याङ्कन विश्लेषण नभएको।

(घ) सार्वजनिक सेवाबाट अवकाश प्राप्त गरेपछि प्रतिवादीले रु. ६,३५,३२,५००।— जग्गा खरिद तथा रजिष्ट्रेशन दस्तुर, विभिन्न कम्पनीहरुमा लगानी र शेयर खरिदमा व्यापक लगानी तथा खर्च गरेको देखिएको। प्रतिवादीले सार्वजनिक पदमा बहाल रहँदा गैरकानुनी रुपमा आर्जित सम्पत्ति लुकाई छिपाई राखी निज, निजको श्रीमती र छोराको भोगचलनमा ल्याएको कुरा स्पष्ट देखिएकोले सार्वजनिक सेवा प्रवेश गरेको मिति २०७३/०६/२१ गतेदेखि मिति २०७८ पुस मसान्तसम्मको जाँच अवधि कायम गरी आय व्ययको मूल्याङ्कन र गणना गरिएको।

(ङ) राष्ट्रसेवक कर्मचारी सेवा निवृत्त भएपछि निज गैर-राष्ट्रसेवक भई राष्ट्रसेवकको परिभाषाभित्र नपर्ने र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम निजले वर्षपिच्छे सम्पत्ति विवरण भर्नु पर्ने दायित्व/कर्तव्य पनि पालना गर्नु नपर्ने हुँदा सेवा निवृत्त पश्चात गरेका आय व्ययलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) को कानूनी व्यवस्थाले समेट्न सकेको नदेखिएको भनी उक्त ऐनको दफा २० को उपदफा (१) को प्रावधानलाई संकुचित व्याख्या गरी राष्ट्रसेवक सेवाबाट अवकाश भएपछिको अवधिलाई जाँच अवधि कायम गर्न नमिल्ने भनी सम्मानित विशेष अदालतबाट स्वेच्छिक अवकाश भएपछिको जाँच अवधिको आय र व्ययका शीर्षकहरुको गणना तथा मूल्याङ्कन नगरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।

(च) गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा राष्ट्रसेवकले अहोदाको दुरुपयोग गरी आर्जन गरेको श्रोत नखुलेको सम्पत्ति (Proceeds of crime) लुकाई छिपाई राख्ने तथा स्वामित्व वा भोगचलनमा ल्याउन सक्ने अवस्थालाई सोझै इन्कार गरी निज प्रतिवादीले स्वेच्छिक अवकाश पछि लगतै गरेको व्यापक लगानी तथा खर्च निजको सार्वजनिक पदमा रहदाँको आयको तुलनामा अविश्वासनीय र अपुष्टित भएको देखिएको तथ्यलाई अन्देखा गरी गरिएको फैसला त्रुटिपूर्ण रही सो हदसम्म बदरभागी रहेको।

प्रवक्ता
नरहरि घिमिरे

**<u>देहायः</u>**

<table>
<tr><th>सि.नं.</th><th>प्रतिवादीहरु</th><th>मुद्दा</th><th>आयोगको मागदावी</th><th>विशेष अदालतको फैसला र आधार</th><th>आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr>
<td>१</td>
<td>भिमकान्त भण्डारी (विशेष अदालतको मुद्दा नं. ०७८-CR-०१११ र फैसला मिति २०८०/०७/२१)</td>
<td>गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।</td>
<td>प्रतिवादी प्रतिवादी भिमकान्त भण्डारी सार्वजनिक सेवा प्रवेश गरेको मिति २०७३/०६/२१ गतेदेखि मिति २०७८ पुस मसान्तसम्मको जाँच अवधि कायम गरिएकोमा निज प्रतिवादीको श्रीमती विमला पन्थीले मिति २०७१/०९/०९ गतेदेखि नै सार्वजनिक सेवामा प्रवेश गरेको देखिँदा मिति २०७१/०९/०९ गतेदेखि मिति २०७३/०६/२१ गतेसम्म आय व्यय छुट्टै समावेश गरी गणना गर्दा निज प्रतिवादीले वैध आय आर्जन गरेको रकम रु. २६,६१,६३६।०९ (अक्षेरेपि छब्बीस लाख एकसाठी हजार छ सय छत्तीस र पैसा</td>
<td><u>फैसलाः</u><br>वादी दावी नपुग्ने।<br><u>विशेष अदालतले फैसला गर्दा लिएका आधारः</u><br><u>आयतर्फः</u><br>(क) प्रतिवादी भिमकान्त भण्डारीको श्रीमती विमला पन्थीको पारिश्रमिक आयः<br>विमला पन्थी सार्वजनिक सेवामा रहेको मिति २०७१/०९/०९ गतेदेखि २०७८ साल पुस मसान्तसम्म निजले प्राप्त गरेको पारिश्रमिक आयमा १५% जीवन निर्वाह कट्टा गरी ८५% बचत रकम रु. १६,०९,९४१।७६ आयोगबाट प्रतिवादीको आयमा गणना गरिएको देखिन्छ। यस सम्बन्धमा, इजलासबाट प्रतिवादी भिमकान्त भण्डारीको सेवा निवृत्त पश्चातको आय र व्यय गणना नगर्ने भनी प्रतिवादीको सेवा अवधिको आय र व्यय मात्र गणना गरिएको हुँदा विमला पन्थीको पारिश्रमिक आय पनि मिति २०७७/०३/३१ सम्मकै गणना गर्नुपर्ने देखिई विमला पन्थीको सेवा प्रवेश मिति २०७१/०९/०९ गतेदेखि मिति २०७७/०३/३१ गतेसम्म विमला पन्थीले प्राप्त गरेको ८५% बचत पारिश्रमिक आय रु. ११,७५,१२७।— मात्र प्रतिवादीको आयमा गणना गर्नुपर्ने देखिएको।<br>(ख) जाँच अवधिमा आयोगबाट प्रतिवादी भिमकान्त भण्डारीको पारिश्रमिक रु. ८,०५,६९४।३३ र कर्मचारी सञ्चय कोष ऋण सापटी रु. २,४६,०००।— प्रतिवादीको आयमा कायम गरिएकोमा प्रतिवादीको अन्यथा भनाई रहेको नदेखिँदा थप विवेचना गरिरहन पर्ने नदेखिएको।</td>
<td>५. वादी र प्रतिवादीको अन्यथा जिकिर नभएका तथा मुख मिलेका आय/व्ययतर्फका शीर्षकहरु बाहेक, सम्मानित विशेष अदालतबाट प्रतिवादी भिमकान्त भण्डारी स्वेच्छिक अवकाश भएपछिको अवधिलाई जाँच अवधि कायम नगरी र देहाय बमोजिमका आय तथा व्ययतर्फका शीर्षकहरुमा आयोगले मूल्याङ्कन गरी कायम गरेको रकमलाई मान्यता नदिई अन्यथा तथा फरक अंक कायम गरी भएको फैसला देहाय बमोजिमका कानुनी आधार र प्रमाणहरुबाट सो हदसम्म त्रुटिपूर्ण रहेको छः<br>(अ) सम्मानित विशेष अदालतबाट प्रतिवादी भिमकान्त भण्डारी स्वेच्छिक अवकाश भएपछिको अवधिलाई जाँच अवधि कायम नगरिएको सम्बन्धमाः<br>(छ) आयोगबाट प्रतिवादी भिमकान्त भण्डारी सार्वजनिक सेवा प्रवेश गरेको मिति २०७३/०६/२१ गतेदेखि मिति २०७८ पुस मसान्तसम्मको जाँच अवधि कायम गरी आय-व्ययका शीर्षकहरुमा आय-व्यय अङ्क गणना गरी आरोपपत्र दायर गरिएको देखिन्छ। सम्मानित विशेष अदालतबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) मा “सार्वजनिक पद धारण गरेको राष्ट्रसेवक” भन्ने वाक्यांश उल्लेख भएको देखिँदा आयोगबाट प्रतिवादीको जाँच अवधिको सेवा निवृत्त भएको डेढ वर्ष पछिको अवधि कायम गरेको र सो अवधिको आय र व्यय समेतलाई मूल्याङ्कन गरिएको कार्य कानुनसम्मत नदेखिएकोले प्रतिवादी सार्वजनिक सेवा प्रवेश गरेको मिति २०७३/०६/२१ गतेदेखि सार्वजनिक सेवामा कार्यरत रहेको मिति २०७७/०४/०१ गतेसम्मको जाँच अवधि मात्र कायम गरी प्रतिवादी सार्वजनिक सेवाबाट स्वेच्छिक अवकाश भएपछिको जाँच अवधि कायम नगरी निम्न बमोजिम आय र व्यय गणना गरिएको देखिएको
<table>
<tr><th colspan="3">आय</th><th colspan="3">व्यय</th></tr>
<tr><th>क्र.सं.</th><th>शीर्षक</th><th>रकम (रु.)</th><th>क्र.सं.</th><th>शीर्षक</th><th>रकम (रु.)</th></tr>
<tr><td>१</td><td>प्रतिवादी भिमकान्त भण्डारीको श्रीमती विमला पन्थीको पारिश्रमिक आय</td><td>४,३४,८१४।२०</td><td>१</td><td>जग्गा खरिद</td><td>३,३३,३०,०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४,३४,८१४।२०</td><td>२</td><td>रजिष्ट्रेशन दस्तुर</td><td>१६,६६,५००</td></tr>
</table></td>
</tr>
</table>

**नौ मात्र)** को तुलनामा विभिन्न शीर्षकहरुमा गरिएका लगानी तथा खर्च **रु. ६,५०,६५,६४२।५३ (अक्षरेपि छ करोड पचास लाख पैंसाठी हजार छ सय बयालीस र पैसा त्रिपन्न मात्र)** देखिँदा निजको आयभन्दा बढी खर्च गरेको रकम **रु. ६,२४,०४,००६।४४ (अक्षरेपि छ करोड चौबीस लाख चार हजार छ र पैसा चौवालीस मात्र)** बराबरको सम्पत्तिको स्रोत खुलेको नदेखिएबाट उक्त सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको देखिँदा प्रतिवादी भिमकान्त भण्डारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि भएकोले **बिगो रु.**

**(ग)** प्रतिवादी भिमकान्त भण्डारीले बयान गर्ने क्रममा र लिखित बहसनोट पेस गर्दा Bidh Management Pvt. Ltd. बाट प्राप्त तलब, सुविधा, सञ्चालक पेश्की समेत आयमा गणना गरिनुपर्दछ भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, निज प्रतिवादी सेवा निवृत्त भए पश्चातको अवधिको आय र व्ययलाई गणना नगरिएको हुँदा र उक्त कारोबार तथा आय प्रतिवादी सेवा निवृत्त पश्चातको भएको देखिँदा विवेचना गर्नु पर्ने नदेखिएको।

**(घ)** प्रतिवादी भिमकान्त भण्डारीले लिखित बहसनोटमा श्रीमतीलाई विभिन्न चाडपर्वहरुमा मावली र माइती पक्षबाट टिकाटालो गरी दानदक्षिणा वापत प्राप्त भएको रकम रु. ५,००,०००।— आयमा गणना गरिनुपर्दछ भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादीले मौकामा र अदालतमा बयान गर्ने क्रममा सो कुराको जिकिर लिएको नदेखिएको र प्रतिवादीको सार्वजनिक सेवा अवधि समेत लगभग ४ वर्षको मात्र देखिँदा बयानमा जिकिर नलिई लिखित बहसनोटमा मात्र जिकिर लिएको विषयलाई आयमा गणना गर्न मिल्ने नदेखिएको।

**व्ययतर्फः**

**(क)** आयोगबाट प्रतिवादी भिमकान्त भण्डारी सार्वजनिक सेवा प्रवेश गरेको मिति २०७३/०६/२१ गतेदेखि मिति २०७८ पुस मसान्तसम्मको जाँच अवधि कायम गरी निम्न बमोजिम व्ययका शीर्षकहरुमा व्यय अङ्क गणना गरिएकोमा सम्मानित विशेष अदालतबाट प्रतिवादी सार्वजनिक सेवामा प्रवेश गरेको मिति २०७३/०६/२१ गतेदेखि निजले मिति २०७७/०३/३१ मा राजिनामा दिई स्वेच्छिक अवकाश लिएको मिति २०७७/०४/०१ सम्मको अवधिलाई मात्र जाँच

| | | |
|---|---|---|
| ३ | Bidh Management Pvt. Ltd. मा लगानी | ९०,००,००० |
| ४ | Bidh Automobile Pvt. Ltd. मा लगानी | ४०,००,००० |
| ५ | माडी खनिज सप्लायर्स प्रा.लि. मा लगानी | १,००,००,००० |
| ६ | B.N. Developers Pvt. Ltd. मा लगानी | ५२,५०,००० |
| ७ | Sewa Remit Pvt. Ltd. मा लगानी | २,७५,००० |
| ८ | शेयर खरिद | ११,००० |
| | **जम्मा** | ६,३५,३२,५०० |

(ज) आरोपपत्रको **आय व्यय प्रवाह विवरण (Income Expenditure Flow Chart)** अन्तर्गत **आ.व. २०७८/०७९ (२०७८ पौष मसान्तसम्म)** मा प्रतिवादी भिमकान्त भण्डारीले निज स्वेच्छिक अवकाश भएपछि नै निजकै नाममा जिल्ला काठमाडौं, टल्कुडुडे चौर-८ स्थित कि.नं. ७४, क्षेत्रफल ३-०-०-० र कि.नं. १२३, क्षेत्रफल ३-५-०-० भएका जग्गाहरु खरिद गरी जम्मा रु. ३,३३,३०,०००।— र रजिष्ट्रेशन दस्तुर जम्मा रु. १६,६६,५००।— गरी कूल जम्मा रु. ३,४९,९६,५००।— जग्गा खरिदमा लगानी गरेको देखिन्छ। त्यसैगरी, उक्त **विवरण** अन्तर्गत **२०७३ असोजदेखि आ.व. २०७७/०७८ सम्मम**ा प्रतिवादी भिमकान्त भण्डारीले मिति २०७८/०३/२३ मा Bidh Management Pvt. Ltd. को थप शेयर खरिद गरी लगानी गरेको रु. १५,००,०००।— र **आ.व. २०७८/०७९ (२०७८ पौष मसान्तसम्म)** मा सोही प्रा.लि. को थप शेयर खरिद गरी लगानी गरेको रु. ७५,००,०००।— गरी कूल जम्मा रु. ९०,००,०००।— उक्त प्रा.लि. मा लगानी गरेको देखिन्छ। त्यस्तै, उक्त **विवरण** अन्तर्गत **२०७३ असोजदेखि आ.व. २०७७/०७८ सम्मम**ा प्रतिवादी भिमकान्त भण्डारीले मिति २०७८/०३/०२ मा Bidh Automobile Pvt. Ltd. को शेयर खरिद गरी रु. ४०,००,०००।— लगानी गरेको देखिन्छ। साथै, उक्त **विवरण** अन्तर्गत **आ.व. २०७८/०७९ (२०७८ पौष मसान्तसम्म)** मा प्रतिवादीले मिति २०७८/०४/१२ मा Sewa Remit Pvt. Ltd. को शेयर खरिद गरी रु. २,७५,०००।— लगानी गरेको देखिन्छ। उक्त **विवरण** अन्तर्गत **आ.व. २०७८/०७९ (२०७८ पौष मसान्तसम्म)** मा मिति २०७८/०४/२६ मा प्रतिवादीले माडी खनिज सप्लायर्स प्रा.लि. को शेयर खरिद गरी लगानी गरेको रु. ६५,००,०००।— र मिति २०७८/०८/२१ मा सोही प्रा.लि. को शेयर खरिद गरी लगानी गरेको रु. ३५,००,०००।— गरी कूल जम्मा रु. १,००,००,०००।— उक्त प्रा.लि. मा

६,२४,०४,००६।४४ **(अक्षरेपि छ करोड चौबीस लाख चार हजार छ र पैसा चौवालीस मात्र)** कायम गरी निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुनका साथै, प्रतिवादी भिमकान्त भण्डारीले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेको **रु. ६,२४,०४,००६।४४ (अक्षरेपि छ करोड चौबीस लाख चार हजार छ र पैसा चौवालीस मात्र)** को हकमा, आरोपपत्रको पृष्ठ २१ मा तालिका नं. १ मा उल्लिखित रु. ६,०६,४१,८१३।९१ र आरोपपत्रको पृष्ठ २२ मा तालिका नं. २ मा उल्लिखित रु.

अवधि कायम गरी निम्न बमोजिम व्ययका शीर्षकहरुमा व्यय अङ्क गणना गरिएको देखिन्छः

| **क्र. सं.** | **व्ययका शीर्षकहरु** | **आयोगबाट गणना भएको अङ्क (रु.)** | **अदालतबाट गणना भएको अङ्क (रु.)** |
|---|---|---|---|
| १ | जग्गा खरिद | ३,३५,३०,००० | २,००,००० |
| २ | रजिष्ट्रेशन दस्तुर | १६,६९,१०० | २,६०० |
| ३ | Bidh Management Pvt. Ltd. मा लगानी | १,००,००,००० | १०,००,००० |
| ४ | Bidh Automobile Pvt. Ltd. मा लगानी | ४०,००,००० | ० |
| ५ | माडी खनिज सप्लायर्स प्रा.लि. मा लगानी | १,००,००,००० | ० |
| ६ | B.N. Developers Pvt. Ltd. मा लगानी | ५२,५०,००० | ० |
| ७ | Sewa Remit Pvt. Ltd. मा लगानी | २,७५,००० | ० |
| ८ | शेयर खरिद | २,४५,८५० | २,३४,८५० |
| | **जम्मा** | ६,४९,६९,९५० | १४,३७,४५० |

**(ख) बैङ्क मौज्दातः**

यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी भिमकान्त भण्डारी र निजको श्रीमती विमला पन्थीका नाममा विभिन्न बैङ्कहरुमा रहेको बैङ्क

लगानी गरेको देखिन्छ। यसर्थ, उल्लिखित यस प्रकारका लगानीका विषयमा प्रतिवादीको वैधानिक आयको स्रोतको विश्लेषण नगरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिएको।

(झ) त्यसैगरी, उक्त **विवरण** अन्तर्गत **आ.व. २०७८/०७९ (२०७८ पौष मसान्तसम्म)** मा मिति २०७८/०९/१४ मा B.N. Developers Pvt. Ltd. को शेयर खरिद गरी रु. ५२,५०,०००।– लगानी गरेको देखिन्छ। त्यस्तै, उक्त **विवरणमा २०७३ असोजदेखि आ.व. २०७७/०७८ सम्ममा** प्रतिवादी भिमकान्त भण्डारी, निजको श्रीमती विमला पन्थी र छोरा विभित भण्डारीको नाममा ज्योति लाइफ इन्स्योरेन्स कम्पनी, नेपाल पूर्वाधार विकास बैंक लि. लगायतका १९० कित्ता साधारण र FPO शेयर खरिद गरी जम्मा रु. ११,०००।– शेयर खरिदमा प्रतिवादीले लगानी गरेको देखिन्छ। यस्तो लगानीका विषयमा तत्कालीन समय बखतकै वैधानिक आयबाट लगानी नभएको विषयमा विशेष अदालतबाट सवूद प्रमाणको गम्भिरतापूर्वक मूल्याङ्कन विश्लेषण भएको देखिँदैन।

(ञ) यसरी, प्रतिवादी भिमकान्त भण्डारी सार्वजनिक सेवाबाट अवकाश प्राप्त गरेपछि नै माथि तालिकामा उल्लिखित जम्मा रु. ६,३५,३२,५००।– प्रतिवादीले जग्गा खरिद तथा रजिष्ट्रेशन दस्तुर, विभिन्न कम्पनीहरुमा लगानी र शेयर खरिदमा व्यापक लगानी तथा खर्च गरेको तथ्य अनुसन्धानको क्रममा देखिन्छ। यसबाट यी प्रतिवादीले सार्वजनिक पदमा बहाल रहँदा गैरकानुनी रुपमा आर्जित सम्पत्ति लुकाई छिपाई राखी निज, निजको श्रीमती र छोराको भोगचलनमा ल्याएको कुरा स्पष्ट देखिएकोले आयोगबाट प्रतिवादी भिमकान्त भण्डारी सार्वजनिक सेवा प्रवेश गरेको मिति २०७३/०६/२१ गतेदेखि मिति २०७८ पुस मसान्तसम्मको जाँच अवधि कायम गरी आय व्ययको मूल्याङ्कन र गणना गरिएको हो। यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासबाट *"...पदाधिकारीहरुको सार्वजनिक पदधारण अवधि पटक पटक टुटेको स्थितिमा पनि प्रथम सार्वजनिक पदधारणलाई प्रस्थान बिन्दु मानी अन्तिम समयमा सार्वजनिक पदधारण तथा मुद्दा दायर गर्ने समयसम्मको अवधिलाई जाँच अवधि (Check Period) मानी सम्पत्तिको आय व्ययको वैध अवैध स्रोत विश्लेषण गरी न्यायिक निरुपण गर्नुपर्ने देखिन्छ।"*[1] भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। प्रस्तुत फैसला मिसिल संलग्न उल्लिखित तथ्य, सवूद प्रमाण तथा सम्मानित

[1] *युवराज शर्मा वि. नेपाल सरकार*, मुद्दाः गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको, मुद्दा नं. ०७१-NF-००२१, फैसला मितिः २०७९/०३/२८, सर्वोच्च अदालत, पूर्ण इजलास, पृष्ठ ७१ (https://supremecourt.gov.np/court/public/media/2024_05/f2721646359d660f06666bb90ef6d300.pdf, accessed on August 14, 2024)

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १७,६२,१९२।५३ गरी जम्मा रु. ६,२४,०४,००६।४४ (अक्षरेपि छ करोड चौबीस लाख चार हजार छ र पैसा चौवालीस मात्र) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत हुन समेत मागदावी लिइएको। | मौज्दात रु. ९५,६९२।५३ प्रतिवादीको व्ययमा गणना गरिएको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादीले बयान गर्दा तथा लिखित बहसनोट पेस गर्दा निजको जाँच अवधिको बैङ्क मौज्दात रु. ९५,६९२।५३ नभई फरक थियो भनी जिकिर लिन सकेको नदेखिँदा र आयोगले कायम गरेको उक्त बैङ्क मौज्दात अङ्कलाई अन्यथा भन्न सकेको नदेखिँदा यस शीर्षकमा आयोगले कायम गरेको व्यय अङ्कलाई अन्यथा भन्न नसकिएको। | सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तका आधारमा न्यायोचित मूल्याङ्कन तथा विश्लेषण नै नगरी सम्मानित विशेष अदालतबाट आयोगले कायम गरेको प्रतिवादीको जाँच अवधिलाई मान्यता नदिई प्रतिवादीले स्वेच्छिक अवकाश लिएको मितिसम्मको जाँच अवधि कायम गरी सोही बमोजिम निजको आय-व्यय मूल्याङ्कन समेत गरी प्रतिवादीले सफाई पाउने ठहरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण छ।<br>(ट) White Collar Crime को रुपमा परिभाषित गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा राष्ट्रसेवकले ओहदाको दुरुपयोग गरी आर्जन गरेको स्रोत नखुलेको सम्पत्ति अर्थात कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of Crime) लुकाई छिपाई राख्ने तथा स्वामित्व वा भोगचलनमा ल्याउने तौरतरिका अनेक हुन सक्दछन्। यस्तो मुद्दामा राष्ट्रसेवकले आफू सेवाबाट अवकाश भएपछि गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति लुकाई छिपाई राखी आफ्नो तथा एकासंगोलको परिवारका सदस्यहरुको भोगचलनमा ल्याउन सक्ने अवस्थालाई सोझै इन्कार गर्न सकिँदैन। अनुसन्धानबाट यस्तो अवस्था देखिसकेपछि सो विषयमा छानबिन नगर्ने वा दावी नै नलिने हो भने परिणामतः भ्रष्टाचार निवारण ऐन, २०५९ को प्रस्तावनामा उल्लिखित *"सर्वसाधारणको सुख, शान्ति र आर्थिक हितको निमित्त समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्न भ्रष्टाचार निवारणका सम्बन्धमा समयानुकूल कानुनी व्यवस्था गर्न"* भन्ने मूल मकसद विपरीत हुन जाने देखिन्छ। यसर्थ, विशेष अदालतबाट कानूनको उद्देश्य र मर्म विपरीत फैसला भएको देखिन्छ।<br>(ठ) प्रस्तुत मुद्दामा प्रतिवादी भिमकान्त भण्डारीले सेवाबाट स्वेच्छिक अवकाश भएपछिको अवधिमा गरेको व्यापक लगानी तथा खर्च सोही अवधिमा निजले प्राप्त गरेको आयको तुलनामा अविश्वसनीय र अपुष्टित भएको देखिन्छ। कसुरको तौरतरिकाको सन्दर्भमा, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रावधानलाई सामान्य अर्थमा हेर्दा उक्त प्रावधानले रोक्न खोजेको दुश्कार्य रोकी राष्ट्रसेवकलाई कसुरबाट उम्किने हरेक प्रयासलाई पराष्त गर्ने विधायिकी मनसाय (True Intention of Legislature) सिद्ध हुने देखिँदैन। राष्ट्रसेवक कर्मचारी सेवा निवृत्त भएपछि निज गैर-राष्ट्रसेवक भई राष्ट्रसेवकको परिभाषाभित्र नपर्ने र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम निजले वर्षपिच्छे सम्पत्ति विवरण भर्नु पर्ने दायित्व/कर्तव्य पनि पालना गर्नु नपर्ने हुँदा सेवा निवृत्त पश्चात गरेका आय व्ययलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | (१) को कानूनी व्यवस्थाले समेट्न सकेको नदेखिएको भनी उक्त ऐनको दफा २० को उपदफा (१) को प्रावधानलाई संकुचित व्याख्या गरी राष्ट्रसेवक सेवाबाट अवकाश भएपछिको अवधिलाई जाँच अवधि कायम गर्न नमिल्ने भनी सम्मानित विशेष अदालतबाट प्रतिवादी भिमकान्त भण्डारी स्वच्छिक अवकाश भएपछिको जाँच अवधिको आय र व्ययका शीर्षकहरुको गणना तथा मूल्याङ्कन नगरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको छ।<br>**(आ) <u>आयतर्फः</u>**<br>**(क) प्रतिवादी भिमकान्त भण्डारीको श्रीमती विमला पन्थीको पारिश्रमिक आयः**<br>▪ आयोगबाट विमला पन्थी सार्वजनिक सेवामा रहेको मिति २०७१/०९/०९ गतेदेखि २०७८ साल पुस मसान्तसम्म निजले प्राप्त गरेको पारिश्रमिक बचत रकम रु. १६,०९,९४१।७६ प्रतिवादी भिमकान्त भण्डारीको आयमा गणना गरिएकोमा सम्मानित विशेष अदालतबाट प्रतिवादी भिमकान्त भण्डारीको सेवा निवृत्त पश्चातको आय र व्यय गणना नगर्ने भनी प्रतिवादीको सेवा अवधिको आय र व्यय मात्र गणना गरिएको हुँदा विमला पन्थीको सेवा प्रवेश मिति २०७१/०९/०९ गतेदेखि मिति २०७७/०३/३१ गतेसम्म विमला पन्थीले प्राप्त गरेको पारिश्रमिक बचत आय रु. ११,७५,१२७।— मात्र प्रतिवादीको आयमा गणना गरिएको देखिन्छ।<br>▪ यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(अ) मा विवेचना गरिए बमोजिम उल्लिखित तथ्य, सवूद प्रमाण तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत प्रतिवादी भिमकान्त भण्डारीको श्रीमती विमला पन्थीको पारिश्रमिक आय रु. १६,०९,९४१।७६ कायम नगरी रु. ११,७५,१२७।— कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण छ।<br>**(इ) <u>व्ययतर्फः</u>**<br>**(क)** आयोगबाट प्रतिवादी भिमकान्त भण्डारी सार्वजनिक सेवा प्रवेश गरेको मिति २०७३/०६/२१ गतेदेखि मिति २०७८ पुस मसान्तसम्मको जाँच अवधि कायम गरी निम्न बमोजिम व्ययका शीर्षकहरुमा व्यय अङ्क गणना गरिएकोमा सम्मानित विशेष अदालतबाट प्रतिवादी सार्वजनिक सेवामा प्रवेश गरेको मिति २०७३/०६/२१ गतेदेखि निजले मिति २०७७/०३/३१ मा राजिनामा दिई स्वेच्छिक अवकाश लिएको मिति २०७७/०४/०१ सम्मको अवधिलाई मात्र जाँच अवधि कायम गरी निम्न बमोजिम व्ययका शीर्षकहरुमा व्यय अङ्क गणना |

गरिएको देखिन्छः

| क्र.सं. | व्ययका शीर्षकहरु | आयोगबाट गणना भएको अङ्क (रु.) | अदालतबाट गणना भएको अङ्क (रु.) |
|---|---|---|---|
| १ | जग्गा खरिद | ३,३५,३०,००० | २,००,००० |
| २ | रजिष्ट्रेशन दस्तुर | १६,६९,१०० | २,६०० |
| ३ | Bidh Management Pvt. Ltd. मा लगानी | १,००,००,००० | १०,००,००० |
| ४ | Bidh Automobile Pvt. Ltd. मा लगानी | ४०,००,००० | ० |
| ५ | माडी खनिज सप्लायर्स प्रा.लि. मा लगानी | १,००,००,००० | ० |
| ६ | B.N. Developers Pvt. Ltd. मा लगानी | ५२,५०,००० | ० |
| ७ | Sewa Remit Pvt. Ltd. मा लगानी | २,७५,००० | ० |
| ८ | शेयर खरिद | २,४५,८५० | २,३४,८५० |
| | **जम्मा** | **६,४९,६९,९५०** | **१४,३७,४५०** |

**(ख)** यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(अ) मा विवेचना गरिए बमोजिम उल्लिखित तथ्य, सबूद प्रमाण तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत सम्मानित विशेष अदालतबाट प्रतिवादी भिमकान्त भण्डारी सार्वजनिक सेवा प्रवेश गरेको मिति २०७३/०६/२१ गतेदेखि मिति २०७८ पुस मसान्तसम्मको जाँच अवधि कायम नगरी निजले स्वेच्छिक अवकाश लिएको मिति २०७७/०४/०१ सम्मको अवधिलाई मात्र जाँच अवधि कायम गरी माथि तालिकामा उल्लिखित व्ययका शीर्षकहरुमा व्यय अङ्क गणना गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।

माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट आयोगको मागदावी तथा जिकिर, प्रतिवादीको जिकिर र सम्मानित विशेष अदालतको मूल्याङ्कन समेतका आधारमा प्रतिवादीले जम्मा **रु. ६,२४,०४,००६।४४ (अक्षरेपि छ करोड चौबीस लाख चार हजार छ र पैसा चौवालीस मात्र)** बराबरको गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरेको पुष्टि भएको देखिएको।

अतः माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट आयोगले कायम गरेको प्रतिवादी भिमकान्त भण्डारीको जाँच अवधिको व्यय जम्मा **रु.**

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | **६,५०,६५,६४२।५३ (अक्षरेपि छ करोड पचास लाख पैंसाठी हजार छ सय बयालीस र पैसा त्रिपन्न मात्र)** र जाँच अवधिको वैधानिक आय **रु. २६,६१,६३६।०९ (अक्षरेपि छब्बीस लाख एकसाठी हजार छ सय छत्तीस र पैसा नौ मात्र)** देखिएकोले निज प्रतिवादीले **रु. ६,२४,०४,००६।४४ (अक्षरेपि छ करोड चौबीस लाख चार हजार छ र पैसा चौवालीस मात्र)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टि भएको देखिन्छ। सम्मानित विशेष अदालतबाट वादी दावी नपुग्ने ठहर गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेकोले उक्त त्रुटिपूर्ण फैसला बदर गरी प्रस्तुत पुनरावेदन जिकिर बमोजिम प्रतिवादी भिमकान्त भण्डारीले गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ठहर गरी आयोगको मागदावी तथा पुनरावेदन जिकिर बमोजिम सजाय गरी सम्पत्ति जफत गरी पाउन मागदाबी रहेको। |